म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १०८ २०८० फागुन २४ गते बिहिबार 7 March 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## गुडिरहेको ट्रकमा आगलागी

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-९, चौधमाईलस्थित पूर्व-पश्चिम सडकखण्डमा गुडिरहेको ट्रकमा आगलागी भएको छ। बुधबार साँझ ७ बजेको समयमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ६१८ नम्बरको खाली ट्रकमा तार सर्ट भई अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

आगलागी भएको जानकारी हुनासाथ प्रहरी टोली खटि गई दमकलको सहयोगमा आगो निभाएको र आगलागीबाट मानवीय क्षति नभएको ट्रक पूर्णरुपमा क्षति भएको प्रहरीले जानकारी दिएको छ।

# बागमती प्रदेशमा कांग्रेसका मन्त्रीहरुद्वारा सामूहिक राजीनामा



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई सामूहिक राजीनामा बुझाउँदै नेपाली कांग्रेसको मन्त्रीहरू।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारबाट नेपाली कांग्रेसका मन्त्रीहरुले सामूहिक राजीनामा दिनुभएको छ। केन्द्रीय तहमा सत्ता समीकरण बदलिएसँगै प्रदेश सरकारको सत्ता समीकरणबाट कांग्रेस बाहिरिएको हो। कांग्रेसले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ।

केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै प्रदेश सरकारमा रहेका कांग्रेसका ६ जना मन्त्रीले पदबाट सामूहिक राजीनामा दिएका हुन्। बुधवार साँझ कांग्रेसका ६ जना मन्त्रीले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई सामूहिकरुपमा राजीनामापत्र बुझाएका हुन्।

नेपाली कांग्रेसबाट मन्त्री बन्नुभएका संसदीय दलका नेतासमेत रहनुभएका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामा, उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, स्वास्थ्यमन्त्री उत्तम जोशी, वन तथा वातावरण मन्त्री मसिना खड्का, संस्कृति पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामाले पदबाट राजीनामा दिनुभएको हो। कांग्रेसका मन्त्रीहरुले मुख्यमन्त्री कार्यालयमा उपस्थित भएर राजीनामा दिनुभएको हो।

राजीनामा बुझाउने क्रममा खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री तीर्थ लामा अनुपस्थित हुनुहुन्थ्यो। संसदीय दलको उपनेता चित्रकारले मन्त्रीहरुको राजीनामासँगै सरकारको समर्थन पनि फिर्ता लिएको जानकारी गराउनुभयो। नेपालको संविधानको धारा १८८ को उपधारा २ अनुसार नेपाली कांग्रेसले बागमती प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको हो।

कांग्रेसले समर्थन फिर्ता लिएसँगै जम्कट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको छ। मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारमा आर्थिक मामिला तथा योजना मन्त्री लामा र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामा गत चैत २५ गते नियुक्त हुनुभएको थियो। स्वास्थ्य मन्त्री जोशी, संस्कृति पर्यटन तथा सहकारी मन्त्री महर्जन, वन मन्त्री खड्का र उद्योग वाणिज्य तथा प्रशासन मन्त्री चित्रकार गत जेठ ७ गते मन्त्री नियुक्त हुनुभएको थियो।

राजीनामा पत्र बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले राजीनामा दिनु राम्रो संस्कारको आभ्यास भएको बताउनुभयो। राजनीतिमा सत्तामा जाने र प्रतिपक्षमा रहने कार्य स्वभाविक भएको उहाँको भनाइ छ। प्रदेशसभामा समग्र प्रदेशको विकासको बारेमा छलफल गर्ने भन्दै मुख्यमन्त्री जम्कट्टेलले सरकारमा रहँदा राम्रो नीति निर्माण गरेको बताउनुभयो। विगतमा धेरै कार्य गरेको भन्दै कार्य सफल पार्न कांग्रेसको समर्थन चाहिनेसमेत उहाँले बताउनुभयो। प्रतिपक्ष र सत्तापक्ष सँगै हुनुपर्ने बताउँदै सरकार कसको भागमा पर्छ भनेर टुङ्गो नलागेको उहाँको भनाइ छ।

राजीनामा दिएपश्चात् नेपाली कांग्रेस बागमती प्रदेशका संसदीय दलका नेता बहादुर सिं लामाले प्रजातान्त्रिक अभ्यास भएकाले मार्गदर्शन, मार्गनिर्देशन, लोकतन्त्रमा विश्वास राख्ने र प्रजातन्त्रमा आस्था राख्ने पार्टी भएको बताउनुभएको छ। गठबन्धनमा खटपट आएपश्चात् नैतिकताको हिसाबले सरकारमा बस्न नमिल्ने भन्दै सरकारबाट बाहिरिएको बताउनुभयो। 'सरकारमा तालमेल भै नै हाल्छ, सरकारमा को हुन्छ थाहा छैन, प्रजातान्त्रिक आभ्यास हो, राजनीतिमा उतारचढाव भइ नै रहन्छ', उहाँले भन्नुभयो।

प्रदेशमा सरकारले विश्वासको मत लिनसके पार्टी प्रतिपक्षमा रहने उहाँको भनाइ छ। सरकारले विश्वासको मत जुटाउन नसके ठूलो दलको आधारमा नेपाली कांग्रेस अगाडि बढ्नेसमेत उहाँले बताउनुभयो। सत्ता गठबन्धन कुनै भर नभएको बताउँदै ३-४ महिनामा पनि गठबन्धन टुट्न सक्ने भन्दै राजनीतिमा अस्थिर समय रहेको बताउनुभयो।

## प्रदेश प्रमुखसमक्ष दलित आयोगको प्रतिवेदन पेस

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष राष्ट्रिय दलित आयोगले वार्षिक प्रतिवेदन पेस गरेको छ। आयोगले आर्थिक वर्ष २०७९/०८० को तेस्रो वार्षिक प्रतिवेदन पेस गरेको हो।

बुधबार प्रदेश प्रमुख शर्मासमक्ष आयोगका सदस्य सुन्दर पुर्कुटीले प्रतिवेदन पेस गर्नुभएको हो। नेपालको संविधानको धारा २९४ को उपधारा (३) अनुसार वार्षिक प्रतिवेदन पेस भएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
The Voice of Community

## हेटौंडाको प्रमुख प्रशासकीय अधिकृतमा पुरी



हेटौंडाका प्रमुख प्रशासकीय अधिकृत पुरीलाई स्वागत गर्दै हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतमा रामबाबु पुरी आउनुभएको छ। बुधबार पुरीले उपमहानगरपालिकामा पदबार ग्रहण गर्नुभएको हो।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंको सरुवा भएसँगै हेटौंडामा पुरी आउनुभएको हो। संघीय सरकारले गत बिहिबार हेटौंडाका चौलागाईसहित ४३ जना सहसचिवको एकसाथ सरुवा गरेको थियो। चौलागाई दलित आयोगको सचिवको रुपमा सरुवा भएर जानुभएको हो। संघीय सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत् लेखा शाखामा रहनुभएको सहसचिव पुरीलाई हेटौंडाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको हो।

# मन्त्रिमण्डल विस्तार, नवनियुक्त १६ मन्त्रीले लिए शपथ

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिमण्डल विस्तार गर्नुभएको छ। एमाले, रास्वपालगायत दलहरुसँग नयाँ गठबन्धन गरेपछि प्रधानमन्त्री प्रचण्डले बुधबार दोस्रोपटक १६ जना मन्त्री नियुक्त गर्दै मन्त्रिमण्डल विस्तार गर्नुभएको हो।

बुधबार नै नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनीयताको शपथ लिएका छन्। राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक विशेष समारोहका बिच राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रीहरुलाई पद तथा गोपनीयताको शपथ दिलाउनुभएको हो।

यसअघि सोमबार ३ जनाले बिनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका थिए। एमालेबाट पदम गिरी, माओवादी केन्द्रबाट हितबहादुर तामाङ र रास्वपाबाट डीपी अर्याल सोमबारै मन्त्री नियुक्त भएका थिए। उनीहरुले पनि बुधबार मन्त्रालयको जिम्मेवारी पाएका छन्। गिरीले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, तामाङले पर्यटन मन्त्रालय र अर्यालले श्रम मन्त्रालयको जिम्मेवारी पाएका छन्।

बुधबार भएको मन्त्रिपरिषद् विस्तारबाट नेकपा एमालेबाट रघुबीर महासेठ उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री बन्नुभएको छ। एमालेका पदम गिरि कानुन न्याय तथा संसदीय मामिला मन्त्री, हरि उप्रेती रक्षा मन्त्री, भगवती चौधरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, राजेन्द्र राई खानेपानी मन्त्री, दामोदर भण्डारी उद्योग मन्त्री, ज्वालाकुमारी साह कृषि मन्त्री र बलराम अधिकारी भूमि व्यवस्था मन्त्री बनेका छन्।

नेकपा माओवादीबाट नारायणकाजी श्रेष्ठ उपप्रधान तथा परराष्ट्रमन्त्री बन्नुभएको छ। माओवादीबाटै अर्थमन्त्रीमा वर्षमान पुन, ऊर्जामन्त्रीमा शक्ति बस्नेत, सञ्चारमन्त्रीमा रेखा शर्मा र पर्यटनमन्त्रीमा हितबहादुर तामाङ छन्। यस्तै, रास्वपाबाट रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री बन्नुभएको छ। रास्वपाबाट श्रममन्त्रीमा डीपी अर्याल, युवा तथा खेलकुदमन्त्रीमा विराजभक्त श्रेष्ठ र शिक्षामन्त्रीमा सुमना श्रेष्ठले शपथ लिएका हुन्। नेकपा एकीकृत समाजवादीका भानुभक्त जोशीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री र धनबहादुर बुढाले शहरी विकास मन्त्रीको जिम्मेवारी पाएका छन्।

शपथग्रहण समारोहमा उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखसहित विशिष्ट व्यक्तित्वहरुको सहभागिता रहेको थियो।

# चितवन र रामेछापमा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा बागमती प्रदेशको दुई जिल्लामा एकै दिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको चितवनमा ३ जनाको मृत्यु भएको र रामेछापमा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-३, बेलचोकमा मानवसेवा आश्रममा आश्रित एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ६९ वर्षीय चुडामणि बिक रहेको प्रहरीले जानकारी दिएको छ। बिकलाई गत मंसिर २१ गते चितवनको खैरहनी नगरपालिका-१, ज्यामिरेबाट उद्दार गरी आश्रममा राखिएकोमा मंगलबार कालगतिले मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाकै राप्ती नगरपालिका-५, खहरेपुलमा स्कूल बसले साइकललाई ठक्कर दिँदा साइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ४५ वर्षीय विष्णुभक्त श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ।

मंगलबार बिहान ६ बजेको समयमा पूर्व-पश्चिम राजमार्गमा भरतपुरबाट पिप्लेतर्फ जाँदै गरेको बा प्र ०३-००१ क ०८९२ नम्बरको अंकुरम एकेडेमीको स्कूल बसले सोही दिशातर्फ जाँदै गरेको साइकललाई ठक्कर दिँदा श्रेष्ठ घाइते भएका थिए। घाइते श्रेष्ठलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मंगलबार बिहान १० बजेर ५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, भोजाडमा टिपरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा नवजीवन टोल बस्ने ३८ वर्षीय प्रेमबहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

मंगलबार दिउँसो १ बजेर ३५ मिनेटको समयमा ११ नम्बर वडा कार्यालयअगाडि भोजाडबाट विशालचोकतर्फ जाँदै गरेको बा प्र ०६-००२ प ७६५ नम्बरको टिपरले र सोही दिशातर्फ जाँदै गरेको ना ३९ प २९०२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा तामाङ गम्भीर घाइते भएका थिए। घाइते तामाङलाई उपचारको लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मंगलबार दिउँसो ४ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

रामेछाप जिल्लाको मन्थली नगर पालिका-४, सालुमा सडकबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४० वर्षीया शोभा नेपाली रहेको प्रहरीले जानकारी दिएको छ।

मंगलबार नेपाली कच्ची सडकमा हिँड्दै गर्दा सडकको छेउमा लगाइएको १० मिटर अग्लो पर्खालबाट अचानक लडी गम्भीर घाइते भएकी थिइन्। घाइते नेपालीलाई उपचारको लागि मन्थली अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# 'बागमतीको सत्ताको अंकगणित असहज स्थितिमा'

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती प्रदेशमा सत्ता समीकरणको अंकगणित असहज स्थितिमा रहेको बताएका छन्। उनले अन्य प्रदेशमा जस्तो बागमतीमा अंकगणितका कारण सरकार गठनका लागि सहज अवस्था नरहेको टिप्पणी गरे।

बुधबार साँझ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाली कांग्रेसका मन्त्रीहरुको सामूहिक राजीनामा बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले सोही कारणले अहिलेको अवस्थामा पनि सरकार गठन गर्न सहज नरहेको बताए। प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ दलहरुमध्ये कसैको पनि बहुमत नपुगेको अवस्थामा सरकार गठनका लागि गठबन्धन गर्नु जरुरी रहेको र नयाँ समीकरणमा सो अवस्था अझ जटिल रहेको उनले बताए।

'अहिले हामी जुन सिस्टममा छौं त्यो निरन्तर चलिरहन्छ। बागमतीमा अन्य प्रदेशको जस्तो सहज रुपमा सरकार गठन वा निरन्तरता हुने अवस्था छैन। अंकगणितका कारण कसैलाई पनि सरकार गठन गर्न असहज छ। नयाँ समीकरणबाट पनि सहजै सरकार बन्ने परिस्थिति छैन। थुप्रै विषयहरु मिलाउनु पर्छ,' उनले भने।

केन्द्रमा सत्ता गठबन्धनको समीकरण र भागबण्डा टुंग्याएपछिमात्र बागमती प्रदेश सरकारको विषयहरु स्पष्ट हुने उनले बताए। उनका अनुसार हालको गठबन्धनमा प्रदेश सरकार कुन दलको नेतृत्वमा बन्ने अझै टुंगिन नसकेकाले अहिले नै यसै हो भन्ने अवस्था छैन। नयाँ गठबन्धनमा आफूले नेतृत्व प्राप्त गरेमा सबै दलहरुलाई मिलाएर अघि बढ्ने उनको भनाइ छ।

बागमती प्रदेशमा सत्ता साझेदार दल र प्रतिपक्षबिच समस्या नरहेको र सौहार्द वातावरणमा नै सरकार सञ्चालन भएको उनले बताए। सरकारको कामसँगै प्रदेशसभामा पनि सबै दलहरुसँग छलफल गरेर सहजरुपमा अघि बढेको उनले बताए। सरकार गठनको प्रक्रियामा सत्ता र प्रतिपक्ष निरन्तरको प्रक्रिया रहेको भन्दै मुख्यमन्त्री जम्कट्टेलले संसदका विभिन्न गतिविधिहरुमा सहकार्य गरेर अघि बढ्नु पर्ने बताए। सरकार र प्रतिपक्षमा रहेका दलहरु सबैको ध्येय नागरिकको सेवासँगै विकास निर्माण रहेकाले वर्तमान व्यवस्थालाई बलियो बनाउँदै अघि बढ्नुपर्ने उनले बताए।

(स्रोत: रातोपाटी)

## सम्पादकीय

# सत्ता स्वार्थको गठबन्धन

मुलुकको राजनीति अचम्मको छ । लोकतान्त्रिक मूल्य मान्यता र मर्मलाई राजनीतिक दल र तिनका शीर्ष नेतृत्वले आत्मसाथ गर्न सकेका छैनन् । ठूला दलका नेताहरु मिलेपछि जे गरे पनि हुन्छ र त्यसलाई आम जनताले सहजै स्वीकार गर्छन् भन्ने मानसिकताले दल र नेताहरु ग्रस्त बनेका छन् । वर्तमान प्रधानमन्त्री प्रचण्डले राजनीतिलाई सम्भावनाको खेलको संज्ञा दिने गरेका छन् । राजनीतिमा जे पनि हुनसक्छ भन्ने तथ्यलाई उनकै शासनकाल र अग्रसरतामा मूर्तरुप दिने गरेका छन् । नेताहरु मिलेपछि उनीहरुले जे गरेपनि संविधान र विधिसम्मत हुन्छन् भन्ने गलत मानसिकता बनेको छ । यसले नेपाली राजनीतिमा सधैं गाईजात्राको अवस्था बनिरहेको छ । सोमबारमात्र सत्ता गठबन्धनको समीकरण परिवर्तन भएर मन्त्रिमण्डल भंग भई नयाँ मन्त्रिमण्डल गठन भएपछि देशको राजनीतिमा अर्को तरंग उत्पन्न भएको छ ।

२०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणामले संघ र सबै प्रदेशमा कुनै पनि दललाई स्पष्ट बहुमत प्राप्त हुन सकेन । २७५ सदस्यीय प्रतिनिधिसभाको पहिलो ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेलाई पाखा लगाएर ३२ सिट पाएको माओवादीको नेतृत्वमा सरकार गठन हुनुले पनि राजनीतिलाई सम्भावनाको खेल मान्न सकिन्छ । निर्वाचनको समयमा नेपाली कांग्रेससँग साझेदारी गरेको माओवादी पार्टीले कांग्रेससँगै मिलेर सरकार बनाउन सक्ने स्पष्ट आधार हुँदाहुँदै एमाले, रास्वपा, राप्रपा, जसपालगायतका पार्टीको भरमा सरकार बनायो र प्रचण्ड प्रधानमन्त्री बने । त्यसको करिब एक महिनापछि प्रचण्डले एमालेको साथ छाडेर पुन: कांग्रेसलाई च्यापेर आफ्नो नेतृत्वको सरकारलाई निरन्तरता दिए । त्यसको करिब एक वर्षपछि सोमबार एक्कासी प्रचण्डले कांग्रेसको साथ छाडेर फेरि एमाले, रास्वपालगायत दलसँग गठबन्धन गरी आफ्नो नेतृत्वको सरकारलाई नै निरन्तरता दिन सफल भए । पहिलो र दोस्रो ठूलो दललाई पालैपालो प्रयोग गरेर तेस्रो दलले सत्ता सञ्चालन गर्न सफल हुनुलाई प्रचण्डको सफलता मान्न सकिए पनि मुलुकको राजनीतिलाई भने यसले अनावश्यक गिजोलेर असफल बनाउँदै लैजाने जोखिम भने बढाएको छ ।

सरकारको नेतृत्वकर्ता नै सरकार भत्काउने र बनाउने खेलमा लागेपछि मुलुकमा राजनीति स्थायित्व कायम हुन सक्दैन । निर्वाचन भएको डेढ वर्ष नपुग्दै तीन पटक गठबन्धन परिवर्तन र सरकार परिवर्तनको खेलले मुलुकको आर्थिक विकास ध्वस्त हुनेमात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रमाथि नै अविश्वास बढाउने निश्चित छ । नेपाली कांग्रेससँग मिलेर सरकारको नेतृत्व गरिरहेको माओवादीले राष्ट्रियसभा अध्यक्ष नपाउने भएकै कारण कांग्रेसलाई छाडेर एमालेसँग गठबन्धन गर्नुलाई राजनीतिक बेइमानी मान्नुपर्छ । यसबाट भविष्यमा प्रधानमन्त्री प्रचण्डले आफूलाई थोरै मात्र अप्ठेरो पर्‍यो भने फेरि एमाले छाडेर कांग्रससँग गठबन्धन नगर्लान् भन्ने बारेमा विश्वस्त हुन सकिँदैन । आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार हुने राजनीतिक नेतृत्वबाट देश र जनताले ठूलो आशा गर्नु निरर्थक हुनेछ ।

मुलुकमा परिचालित राजनीति, सत्ता फेरबदल र अस्थिरता तथा अराजकताको अन्त्य नहुँदासम्म मुलुक आर्थिक विकास र समृद्धितर्फ अघि बढ्न सक्दैन । सत्ताकेन्द्रित गतिविधि र लेनदेनबाट निर्देशित राजनीतिले दल र नेतृत्व सरकार बनाउने र भत्काउने प्रयत्नमै सिमित हुन पुगेका छन् । सोमबार फेरिएको राजनीतिक गठबन्धनबीच भएको ६ बुँदे सहमति गरेको छ । एउटा दलसँग सामान्य असन्तुष्टि हुनेवित्तिकै अर्कैसँग गठबन्धन गर्दै जाने हो भने यो क्रम कहिल्यै राकिनेवाला छैन । दलहरुबीच गठबन्धन गर्दै लोकतान्त्रिक मूल्य मान्यता र संविधानभन्दा आफू ठूलो बन्ने होडबाजीले मुलुकको शासन व्यवस्था, सरकार, राजनीतिक दल सबै कमजोर हुने निश्चित छ । यस्तो परिपाटीले मुलुकको विकासमा नकारात्मक असर पर्नुका साथै आम जनता थप पीडित हुनेछन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**वृष** : बलबुताले कार्य सम्पादन हुने समय योग छ ।
**मिथुन** : घमण्डका कारण समस्याहरु आइपर्ने समय योग छ ।
**कर्कट** : मानसिक अल्झनले तनाव बढ्न सक्ने योग छ ।
**सिंह** : घरायसी समस्या बढ्न सक्ने योग छ ।
**कन्या** : व्यापार–व्यवसायमा बढोत्तरी हुने समय छ ।
**तुला** : माङ्गलिक कृत्यमा सरिक भइने समय योग छ ।
**वृश्चिक** : व्यस्तता र दौडधूपमा समय व्यतित होला ।
**धनु** : आशीर्वादले काममा पूर्णता र दक्षता प्राप्त होला ।
**मकर** : कर्तव्य प्रति सचेत भइने समय योग रहेको छ ।
**कुम्भ** : स्वास्थ्य समस्या क्रमशः समाधान हुने योग छ ।
**मीन** : अनावश्यक भय त्रास जम्मा हुन सक्ने योग देखिन्छ ।

# भूमिमा अनुत्पादक क्षेत्र विकासको जोखिम





प्रदीप उप्रेती

सामान्यतया भूमि उत्पादनशील रहन्छ भन्ने मान्यता स्थापित रहँदै आएको छ । विपरीत अवस्था कायम रही उत्पादनशील मानिएको भूमिमा विविध कारणले गर्दा उत्पादनजन्य स्वधर्म लोप हुन गई उत्पादनको निरन्तरता कायम हुन नसकी उर्वराशक्तिमा आएको ह्रासोन्मुख अवस्थाको परिणाम नै अनुत्पादक क्षेत्र विकासको सम्भावनाको जोखिमलाई बढावा दिनु हो भन्दा त्यति अनुपयुक्त नहोला । जसमा विशेष गरी बालीयोग्य उत्पादनका लागि अयोग्य ठहरिएका सिमसार क्षेत्रलगायतका अन्य कृषिजन्य फसलहरू सहज रूपमा उत्पादन गर्न नसक्ने क्षेत्रहरु समाविष्ट गरिएको हुन्छ ।

बृहत्तर आकारको भूमिमा उत्पादकत्व अभिवृद्धि हुने धेरै सम्भावना जीवन्त रहे तापनि बढ्दो जनसंख्या वृद्धिका कारण सानो आकारको पारिवारिक संरचना विकासको सम्भावनाले धेरै हदसम्म जमिनको स्वामित्व बृहत्तर आकारबाट क्रमशः न्यूनीकरण हुँदै साना-साना एकाइमा परिणत हुने संस्कृतिको विकासले निश्चित रुपमा कृषिजन्य उत्पादकत्वमा न्यूनता छाउने अवस्था पैदा हुनेछ। जसले उत्पादनमूलक कृषिक्षेत्रलाई क्रमबद्ध रूपमा अनुत्पादक क्षेत्र विकासमा परिणत गर्ने अवस्था तयार पार्न सहयोगीको भूमिका निर्वाह गर्ने देखिन्छ ।

साना एकाइका भूमिहरू बस्ती विकासका लागि उपयुक्त रहन्छन् भन्ने मान्यताका साथै कृषिक्षेत्रको तुलनामा अन्य प्रयोजनबाट प्राप्त हुने मुनाफा व्यक्तिगत तवरमा पनि अधिक रहने हुँदा जमिनको मूल्यवृद्धि हुने स्वयम्सिद्ध तथ्यलाई अन्यथा लिन मिल्दैन । यसका अतिरिक्त कृषि विकासका लागि आत्मा मानिएका क्षेत्रहरू जस्तै- सिँचाइ, मलखाद, बीउबिजन, प्राविधिक जनशक्ति, यान्त्रिकीकरणको समय-समयमा अभाव रहनु नै सम्बद्ध क्षेत्र क्षयीकरणको मूल कारक तत्व विशेष हो भनी ठोकुवा गर्दा फरक नपर्ला ।

प्रस्तुत अवधारणालाई समूहगत भावनाको विकासले सुधार गर्दै लक्ष्यअनुरुपको कृषिक्षेत्रलाई अभिवृद्धि गर्न नसकिने भने पक्कै पनि होइन। तथापि आमूल परिवर्तन तथा सुधारका लागि आवश्यक पर्ने कृषिजन्य भूमिको अभाव नै मूल चुनौतीका रुपमा रहेको पाइन्छ। ठूला सहरकेन्द्रित क्षेत्रहरुमा बृहत् कृषिभूमिको सम्भावना लगभग शून्यप्राय: अवस्थामा रहनुका साथै नवनिर्माण भएका सहरोन्मुख ग्रामीण बस्तीहरुमा पनि कृषि फसलबाट प्राप्त हुने आम्दानीको तुलनामा जमिनको ठेक्का, भाडाजन्य संस्कृतिको विकास, कृषिश्रमको अभावले सम्बद्ध क्षेत्रको अवस्थासमे दिन-प्रतिदिन खस्कँदै गएको महसुस गर्न सकिनेछ ।

तदुपरान्त उत्पादनशील मानिएको भूमिलाई क्रमशः अनुत्पादक भूमिका रूपमा रूपान्तरण गर्न केही समूह उद्यत रहेको देखिन्छ । आफ्नो स्वामित्वमा रहेको भू-अधिकारलाई दुरुपयोग गर्दै यथोचित रुपमा कृषि उत्पादकत्वमा प्रत्यक्ष वा परोक्ष ॠणात्मक प्रभाव पार्ने गरी स्वयम् भूमिमा आफ्नो उल्लेख्य सहभागिता नजनाई भूश्रमिक वा तत्सँग सम्बन्धित अन्य समूहलाई आफूअनुकूलको उपयोगमा ल्याउने कार्यले यस क्षेत्रको विकासमा सकारात्मक परिणाम हासिल गर्न सक्दैन । प्रस्तुत कार्यको विकासले निश्चित रूपमा कृषि उत्पादकत्वमा ह्रास आई उत्पादनशील भूमि अन्य प्रयोजनका लागि प्रयोग खतरा बढेकै कारण अनुत्पादक भूमिको अत्यधिकता कायम रहने सम्भावनालाई हामी जोकसैले पनि चाहेर पनि विमुख पार्न सक्दैनौं, जुन निश्चित रूपमा कृषिकार्यका लागि शुभसंकेत भने पक्कै पनि होइन ।

किनभने अझै पनि राज्यको भूमिसुधारसम्बन्धी अवधारणाले मूर्तरूप हासिल गर्न नसकेकै कारण लक्षित प्रगति सफल रूपमा देख्न नसकिएको मात्र हो । समग्र कृषिक्षेत्रको उत्थान गर्ने सुउद्देश्यबाट अभिप्रेरित रहेर राज्यले कायमी भूमिसुधार सम्बन्धी पुराना अवधारणागत मान्यतामा आमूल सुधार गर्दै भूमिलाई आधुनिकीकरण गर्न विभिन्न नौ भागमा विभाजन गरी कार्यान्वयनमा ल्याएको वर्तमान अवस्था हो । यद्यपि कृषिभूमि तथा गैरकृषि भूमिको पहिचानमा भने सधैं नै विवाद खडा हुने गरेको पाइन्छ । निश्चय पनि कृषि भूमिको तुलनामा व्यावसायिक वा आवास प्रयोजनका लागि छुट्टयाइएको जमिनको मूल्य तुलनात्मक रुपमा अधिक रहने भएकै कारण सहज रुपमा समस्या समाधान गर्नमा व्यवधान खडा हुने गरेको मात्र हो ।

यसदेखि बाहेक जुन सम्प्रदाय विशेषसँग हदबन्दी केन्द्रित भूमि अवस्थित रहेको छ, ती समूहमा पनि कृषिक्षेत्रभन्दा अन्य सेवा-व्यवसाय गर्नेतर्फ लालायित हुने प्रवृत्तिले कुनै पनि हालतमा कृषिलाई उत्पादनमूलक क्षेत्रका रूपमा परिणत गर्न सघाउ पुर्याउने अवस्था अब रहेन, जसका लागि सधैं नै वैकल्पिक व्यवस्थापनको खाँचो रहने गर्छ । अन्यथा जति पटक भूमिसुधार गरे तापनि लक्ष्य प्राप्ति हुन सक्दैन, यसले झन् कृषियोग्य जमिनलाई क्रमशः खण्डीकरणतर्फ लैजान मार्गप्रशस्त गर्ने अवस्था मात्र तयार पार्नेछ, जसले कृषिक्षेत्रलाई उत्पादनमूलक क्षेत्र विशेषभन्दा पनि अनुत्पादक क्षेत्रका रुपमा रुपान्तरण गर्ने संस्कृतिको विकासलाई प्रोत्साहित गर्नेबाहेक अर्को कुनै ठोस उपलब्धिमूलक आर्थिक सुधारको लक्ष्य प्राप्त हुन सक्दैन ।

मुलुकमा जति पनि भूमिसुधार भए, त्यसमा विशेष गरी कृषक वा मोहीलाई नै प्रोत्साहित गर्ने लक्ष्य लिए तापनि कृषि कार्य गर्न उक्त समूहसमेत अनि छुक्क र हँदा अन्ततः कृषिक्षेत्रले अनुत्पादक क्षेत्रको विशेषका रुपमा क्रमशः रुपान्तरण हुन बाध्य हुनुपरेको तथ्यलाई अन्यथा लिन मिल्दैन । तत् सन्दर्भमा कृषि-कृषकको जीवनस्तर सुधारका लागि मोहियानी जमिनको स्वामित्वमा वि.सं. २०२१ मा गरिएको भूमिसुधारले भूस्वामित्वको २५ प्रतिशत अंश जोताहा मोही तथा ७५ प्रतिशत अंश भूस्वामीलाई वितरण गर्ने योजनाले पनि जमिनको उत्पादकत्व क्षमतामा उल्लेख्य सुधार गर्नुको साटो ह्रासोन्मुखतातर्फ उद्यत गराउन सहयोगीको भूमिका निर्वाह गरेको पाइयो । किनकि दोहोरो स्वामित्वमा कृषकको स्थान केवल २५ प्रतिशत मात्र रहे-भएकै कारण खेती नगर्ने संस्कृतिको विकासले प्राथमिकता पाएको देखिन्छ । अर्कातर्फ बिनालगानी भूस्वामित्व प्राप्त हुँदा जग्गाधनी तथा मोही किसानको बीचमा द्वन्द्व बढ्नुलाई अस्वाभाविक प्रक्रिया मान्न सकिँदैन ।

प्रस्तत भूमि व्यवस्थापनबाट पनि सहज रूपमा कृषकलाई राहत व्यवस्थापन हुन नसकेको महसुस गरी राज्यले वि.सं. २०५२ मा कृषक तथा जग्गाधनीबीचको भूस्वामित्वलाई समान-समान आधारमा बराबरको हकदार कायम गर्दा सम्बद्ध क्षेत्रमा उल्लेख्य सुधारको अपेक्षा गरे तापनि जग्गाधनीको हातमा धेरै हदसम्म भूस्वामित्वको अवस्था केवल शून्य:प्राय रहन गएको पाइयो । तथापि कृषिक्षेत्र सुधारको नाममा कुनै ठोस गुन्जायस कायम राख्न सकिएन भन्दा त्यति फरक नपर्ला। जसले केवल मानव बस्ती विकास तथा सहरी क्रंकिटको जंगली अवधारणा विकासलाई मात्र प्रोत्साहित गरेको वर्तमान अवस्था हो भन्दा हामीहरु कसैको पनि दुईमत रहन सक्दैन, जसमा वातावरणीय प्रतिकूलता रहनुका साथै हरितक्षेत्र न्यूनीकरणको सबैभन्दा खराब परिसूचकको दुर्गुणयुक्त व्यवस्थापनको उपमाको रूपमा प्रस्तुत कार्यको विकासलाई लिन सकिन्छ।

प्रस्तुत प्रवृत्तिको समस्याबाट नेपाल पनि अछुतो रहन सकेको छैन । तसर्थ सम्बद्ध क्षेत्रको सुधारका लागि पकेट क्षेत्र निर्धारण गरी राज्य, स्थानीय स्तर तथा भूस्वामीको सामूहिक लगानीमा परिकल्पनायोग्य कृषि विकासको सम्भावना विकासलाई कार्यान्वयनमा ल्याउनु अत्यन्त जरुरी भइसकेको छ, जसका लागि सम्बद्ध क्षेत्रको माटोको गुणस्तरमा उल्लेख्य सुधार गर्नुका साथै सहरी विकासका नयाँ योजनाहरू तत्कालका लागि लागू नगर्ने प्रतिबद्धता सरोकारवाला पक्षले व्यक्त गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त राज्यले उचित मुआब्जाको व्यवस्थापन गरी जग्गा अधिग्रहण गरेरै भए पनि कृषिक्षेत्र निर्धारण गर्ने हो भने निश्चय पनि अनुत्पादक अवस्थामा रहेको यस क्षेत्रलाई धेरै हदसम्म उत्पादनमूलक क्षेत्रका रूपमा विकास गर्ने प्रबल सम्भावना अझै पनि जीवन्त रहेका छन् भन्दा फरक नपर्ला ।

*(स्रोतः कारोबारदैनिक)*

# थकान गम्भीर रोगको लक्षण पनि हुनसक्छ



डा. अमर प्रजापति
जनरल फिजिसियन



कतिपय व्यक्तिलाई राति राम्रैसँग निदाए पनि दिनभर थकान महसुस हुन्छ। शारीरिक व्यायाम वा शारीरिक श्रम गर्दा थकान हुनु स्वभाविक नै हो तर सामान्य अवस्थामा पनि थकान महसुस भइरहनु भनेको चाहिं स्वास्थ्य समस्या हो ।

थकान धेरै कारणले हुनसक्छ । शरीरमा पानीको कमी, अत्यधिक मद्यपान, खराब जीवनशैलीका कारण पनि हुनसक्छ। समयमा खाना नखाँदा, अत्यधिक जंकफुड खाँदा, धेरैबेर स्क्रिनमा हेदा, सुत्नुअघि मोबाइल धेरै चलाउँदा स्लीप साइकलमा अवरोध भएर थकान महसुस हुन्छ ।

थकान सामान्य मात्रै होइन, गम्भीर रोगको लक्षणसमेत हुनसक्छ । क्यान्सर, मल्टिपल स्क्लेरोसिस (मस्तिष्क र मेरुदण्डको नसा प्रणालीमा हुने समस्या), डिप्रेसन र अन्य विभिन्न रोगका कारण थकान हुन्छ।

### आइरनको कमी

रगतमा आइरनको मात्रा कम हुँदा शरीरका विभिन्न भागमा अक्सिजनको कमी हुन्छ। त्यसले मानिसलाई थकित बनाउँछ।

### शरीरमा अक्सिजनको कमी

प्रायः दमका बिरामीलाई शरीरमा अक्सिजनको कमी भएर शरीर कमजोर वा शिथिल भएको महसुस हुन्छ । उनीहरुमा श्वासप्रश्वासको कमी भएर यस्तो समस्या भइरहेको हुनसक्छ ।

### शरीरमा पानीको कमी हुनु

शरीरमा पानीको कमीले पनि थकान हुन्छ वा हुनसक्छ । दिनभरि आवश्यक पानी नपिउँदा टाउको दुख्ने, पाचन प्रक्रियामा गडबडी हुने, जोर्नी र मासंपेशी कमजोर हुने समस्या हुन्छ । मिर्गौलामा पत्थरीको जोखिम पनि हुन्छ । यसले शरीरलाई आलस्य बनाउँछ ।

### भिटामिन 'डी'को कमी

आजभोलि घाममा बस्ने कुरामा धेरैको चासो हुँदैन। कोठाभित्र बसेरै काम गर्ने र घाममा नताप्दा शरीरले भिटामिन डी प्राप्त गर्न सक्दैन। घाम ताप्नु स्वास्थ्यका लागि महत्वपूर्ण छ । यसबाट पाइने भिटामिन डीले हड्डी मजबुत गर्ने र रोगप्रतिरोधात्मक क्षमता वृद्धि गर्न मद्दत गर्छ । शरीरमा यसको कमी भएमा हड्डी दुख्ने, शरीरका मांसपेशी कमजोर भएर थकान र आलस्य महसुस हुन्छ ।

### क्याल्सियमको कमी

शरीरमा क्याल्सियमको कमी भएर हड्डी कमजोर हुँदा पनि शरीर शिथिल, कमजोर र आलस्य हुने गर्छ। क्याल्सियमको अभावले शरीरका हड्डी कमजोर भएर मांसपेशी पनि कमजोर हुँदै जान्छ । यसकारण शरीर थकान भएको महसुस हुन्छ । रगतमा क्याल्सियमको मात्रा कम भएर हाइपोक्याल्सेमिया रोग लाग्ने जोखिम हुन्छ।

### मधुमेह

मधुमेहको संकेत पनि हुनसक्छ थकान । किनकि थकान महसुस हुने, आलस्य हुने जाँगर नचल्ने यसको लक्षण हो । यो शरीरमा इन्सुलिन हार्मोनले राम्रोसँग काम नगरेपछि हुन्छ । मधुमेह भएको छ भने शरीरमा औषधिको डोज कम भएर सुगरको मात्रा बढ्नाले पनि थकान हुने गर्छ।

### हाइपोथाइराइड

शरीरमा थाइराइडड हार्मोन कम हुनुलाई हाइपोथाइराइड हुन्छ । हार्मोन कम हुँदारुशरीर गल्ने, आलस्य हुने, थकान

....बाँकी पृष्ठ ३ मा

# कान्तिलोकपथमा सुमो पल्टिँदा १० जना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथमा सुमो पल्टिँदा १० जना घाइते भएका छन् । बुधबार साँझ साढे ५ बजेको समयमा बकैया गाउँपालिका-११, सिमातस्थित कान्तिलोकपथमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज २३२२ नम्बरको सुमो बेक्र फेल भएर अनियन्त्रि भई पल्टिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सुमोमा चालकसहित १० जना सवार रहेका थिए । घाइतेहरुको हेटौंडाको सहकारी अस्पताल र हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । घाइते हुनेहरुमा बारा बड्कानौतन बस्ने ४० वर्षीया श्रीपतीदेवी साह, बाराकै महागढीमाई नगर पालिका-२ बस्ने ३४ वर्षीय उपेन्द्रप्रसाद कुसवाहा, कुसवाहाका ६ वर्षका छोरा रुपेश कुसवाहा, बरियारपुर बस्ने ४१ वर्षीय सुरेश कुसवहा, बिन्दबासिनी गाउँपालिका-२ बस्ने २३ वर्षीय सागर कुमार चौरसिया, वीरगञ्ज महानगरपालिका-६, गहवा बस्ने ३१ वर्षीय अनुप चालिसे, पर्सा बिश्रामपुर नगरपालिका-९ बस्ने २८ वर्षीय सलोनी गुप्ता, काठमाडौं महानगर पालिका-१४, कुलेश्वर बस्ने ३४ वर्षीय चन्दन कुमारयादव र सोही स्थानका ३६ वर्षीय सञ्जुकुमार चौधरी रहेको प्रहरीले जनाएको छ। घाइतेहरुको अवस्था मध्यम रहेको छ । सुमो चालक मकवानपुर राक्सिराङ गाउँपालिका-२, बस्ने २२ वर्षीय सरोज प्रजा प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । सवारी साधन घटनास्थलमा नै रहेकाले निकाल्ने पहल भइरहेको छ ।

## थकान गम्भीर...

महसुस हुने हुन्छ ।

**थकानसँग निद्राको सम्बन्ध**

व्यक्तिपिच्छे निद्राको आवश्यकता फरक-फरक हुनसक्छ । तर विज्ञहरूका अनुसार सामान्यतया सातदेखि नौ घण्टा सुत्नु महत्वपूर्ण हुन्छ । निद्राले शरीरका मांसपेशी मजबुत राख्न, रोगप्रतिरोधात्मक क्षमता बढाउन, भावनाहरु सम्हाल्न, सम्झनाहरु भण्डारण गर्न र नयाँ जानकारीहरु सम्झिन महत्वपूर्ण भूमिका हुन्छ ।

केही अनुसन्धानकर्ताले लामो समय थकानबाट ग्रस्त भएमा मानिसमा मृत्युको जोखिम बढी हुने बताएका छन् । थकान धेरै हुनेहरुमा चिन्ता र डिप्रेसनको जोखिम बढी हुने अनुसन्धानले देखाएको छ ।

**समाधानको उपाय**

लामो समय सुत्नुभन्दा राम्रोसँग निदाउनु महत्वपूर्ण छ । छोटै भए पनि गहिरो निद्राले ताजा महसुस गराउँछ । जब हामी सुत्छौं, मस्तिष्कले अनावश्यक काम रोक्छ । अनुसन्धानले हरेक दिन एकै समयमा सुत्नु लाभदायक हुने देखाएको छ। किनकि मस्तिष्कले २४ घण्टा चक्रमा काम गर्छ । एक निश्चित समयमा सुत्दा उसले आफ्नो काम राम्रोसँग गर्न सक्छ । यही कारणले गर्दा केही अनुसन्धानले देखाउँछ सिफ्टमा काम गर्दा मानिसको स्वास्थ्यमा नराम्रो असर पर्छ । यसका कारण पेटमा एसिडिटी हुने र मधुमेह समेत हुने खतरा रहन्छ ।

यस्तै सन्तुलित आहार, पोषणयुक्त खाना, दैनिक निश्चित समयमै सुत्ने, पर्याप्त गहिरो निद्रा, दैनिक शारीरिक व्यायाम गर्ने, तनाव नलिने, पर्याप्त मात्रामा पानी पिउने र कुनै रोगको लक्षण भएमा सम्बन्धित चिकित्सकलाई जाँच गराउनुपर्छ । *(स्रोतः अनलाईनखबर)*

समृद्ध समाज
राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com

# राधेश्याम विजया फाउण्डेसनले सम्मान र पुरस्कार प्रदान गर्ने

समाज संवाददाता

हेटौंडाः राधेश्याम विजया फाउण्डेसनले साहित्य सम्मान र शैक्षिक पुरस्कार प्रदान गर्ने भएको छ। फाउण्डेसनले आगामी फागुन २८ गते सोमबार हेटौंडामा एक कार्यक्रम गरी साहित्य सम्मान र पुरस्कार प्रदान गरिने भएको हो ।

फाउण्डेसनले ११ हजार एकसय ११ रुपैयाँ पुरस्कार राशिको राधेश्याम स्मृति साहित्य सम्मान- २०८० बाट मकवानपुरे कवि पुरुषोत्तम आचार्यलाई सम्मान गर्ने जनाएको छ । यसैगरी, फाउण्डेसनले १० हजार ५ रुपैयाँ राशि रहेको विजयादेवी शैक्षिक पुरस्कार-२०८० बाट हेटौंडा-१८, हर्नामाडीमा रहेको ज्योति माविबाट एसईईमा उत्कृष्ट स्थान हासिल गर्ने छात्रा पवित्रा तिमल्सिनालाई पुरस्कृत गरिने फाउण्डेसनका अध्यक्ष अरुणकुमार खतिवडाले जानकारी दिनुभयो ।

फाउण्डेसनले हरेक वर्ष विभिन्न सामाजिक क्षेत्रमा योगदान दिँदै आइरहेको छ । २०७८ सालमा फुटबल खेलाडीलाई जर्सी वितरण गरेको फाउण्डेसनले २०७९ सालमा ज्योति माविबाट एसईईमा उत्कृष्ट अंक ल्याउने एक छात्र र एक छात्रालाई १०/१० हजार रुपैयाँ पुरस्कार प्रदान गरेको थियो । यसवर्ष पनि साहित्य र शैक्षिक क्षेत्रका व्यक्तित्वलाई सम्मान गर्न लागेको अध्यक्ष खतिवडाले बताउनुभयो।

मकवानपुर जिल्लाको बामपन्थी राजनीतिमा सक्रिय रहनुभएका स्वर्गीय राधेश्याम खतिवडा र उनकी श्रीमती विजयादेवीको स्मृतिमा छोराहरु अरुण र बरुण खतिवडाले २०७६ सालमा फाउण्डेसन स्थापना गर्नुभएको हो । १० लाख रुपैयाँको अक्षयकोष खडा गरी स्थापना गरिएको फाउण्डेसनले शैक्षिक र साहित्य क्षेत्रमा पुरस्कार सम्मान प्रदान गर्दै आएको छ ।

# नापतौलमा ठगी गर्ने चार हजार बढी व्यवसायीलाई कारबाही

काठमाडौंः नेपाल गुणस्तर तथा नापतौल कार्यालय काठमाडौंले नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने तथा समयमा नापतौल यन्त्रको नवीकरण नगर्ने चार हजार सात सय ४१ व्यापारीलाई कार बाही गरेको छ। कार्यालयले चालु आर्थिक वर्ष (आव) को छ महिनामा नापतौलमार्फत् उपभोक्तालाई ठगी गर्ने तथा समयमा यन्त्रको नवीकरण नगर्ने व्यापारीलाई कार बाही तथा जरिवाना गरेको हो ।

कार्यालयका प्रमुख राकेशकुमार झाले अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्रको प्रयोग गरेर आम उपभोक्ता ठगी गर्ने क्रम बढेकाले कार्यालयले विशेष निगरानी बढाएको बताए । 'अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको छ, त्यस्तालाई हामीले कारबाहीको दायरामा ल्याएका छौं,' उनले भने ।

कार्यालयले पछिल्लो समय व्यापारीको सहजताका लागि 'डोर टू डोर' अभियानसमेत सञ्चालन गरिरहेको छ । 'डोर टू डोर' अभियानअन्तर्गत् कार्यालयले नयाँ व्यापारीलाई अनुमति प्रदान गर्ने, अनियमित गर्नेलाई कारबाही गर्ने, जाँच नवीकरण गर्नेलगायत काम गर्दै आएको कार्यालय प्रमुख झाले बताए ।

कार्यालयले साउनदेखि पुस मसान्तसम्म एक हजार तीन सय ८२ व्यापारीलाई नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गर्न अनुमति प्रदान गरेको छ। यसैगरी, चार हजार ३३ नापतौल तथा नाप्ने तौलने यन्त्रको जाँच, एक सय दुई पेट्रोल पम्प जाँच र दुई हजार ६ सय १८ ट्याक्सी मिटर जाँच गरेको जनाएको छ।

सीमित स्रोत र साधनबीच बजार अनुगमनलाई तीव्रता दिएको कार्यालयले नापतौलसम्बन्धी उपभोक्ता हक, हित संरक्षणका लागि ८० पटक एकल अनुगमन र ५२ पटक संयुक्तरुपमा बजार अनुगमन गरेको छ । कार्यालय प्रमुख झाले जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले नापतौल कार्यालयले कार बाहीलाई प्राथमिकता दिएको बताए । 'नियतवश आम उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई कारबाहीको दायरामा ल्याउँछौं,' उनले भने ।

कार्यालयले चालु आवको छ महिनामा ९२ लाख ९८ हजार पाँच सय ९२ रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले हाल काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट र रसुवा गरी नौ जिल्लामा नापतौलको अनुमति प्रदान, नवीकरण, अनुगमन र गल्ती गर्नेलाई कारबाही गर्दै आएको छ । *(स्रोतः रासस)*

**प्रेम सेवा समाज**

**सामुदायिक रुपान्तरण परियोजना मकवानपुर**

**कर्मचारी आवश्यकता सम्बन्धि सूचना**

*सुचना प्रकाशन मितिः २३/११/२०८०*

सामुदायिक स्वास्थ्य क्लिनिक, सामुदायिक स्वास्थ्य र सरसफाईको क्षेत्रमा विगत १४ वर्ष देखि काम गर्दै आएको सर्वाङ्गिण रुपान्तरणका लागि समर्पित यस संस्था प्रेम सेवा समाजले, मकवानपुर जिल्लाको कैलास गाउँपालिका वडा नं. १ देखि १० सम्ममा साझेदार संस्था इ एल सि ए र शान्ति नेपालको सहयोगमा यस संस्था, वडा तथा पालिकाको साझेदारीमा समुदाय स्तरमा स्वास्थ्य, सरसफाई र जीविकोपार्जन तथा खाद्य सुरक्षा क्षेत्र समेटी (Community Transformation project, Makawanpur, CTP-M) सामुदायिक रुपान्तरण परियोजना नामक एकिकृत परियोजना आगामी ३ वर्षका लागि संचालन गर्न लागेकाले सामाजिक रुपान्तरणको लागि समर्पित, उर्जाशिल, उत्साही र समुदायमा काम गर्न रुची भएका तपशिलमा उल्लेखित योग्यता, दक्षता पुगेका उम्मेद्ववारहरुबाट दर्खास्त आव्हान गरिन्छ ।

**आवश्यक पद, संख्या र न्यूनतम योग्यताः**

| क्र.स. | पद | संस्था | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | वित्त तथा प्रशासन सहायक | १ जना | व्यवस्थापन शास्त्रमा स्नातक तह उत्तीर्ण गरी संघ संस्थामा लेखा तथा वित्त व्यवस्थापन क्षेत्रमा न्यूनतम १ वर्ष कार्य अनुभव भएको, कम्प्युटर र लेखा सम्बन्धि सफ्टवेयर सम्बन्धि राम्रो दख्खल भएको । |

**दर्खास्त दिन आवश्यक कागजात तथा अन्य जानकारी**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी १
२. शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपी १
३. कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी १
४. पासपोर्ट साइजको फोटो २ प्रति
५. दरखास्त फारम शुल्क : रु. २०० मात्र
६. दरखास्त दिने अवधि: २०८० फागुन २३ गते देखि २९ गते सम्म, कार्यालय समय भित्र ।
७. आवेदन फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरुः प्रेम सेवा समाज सामुदायिक स्वास्थ्य सेवा क्लिनिक कैलाश १० बेतिनी, वा premsewa.samaj@gmail.com (इमेलबाट फारम बुझाउदा शुल्क बुझाएको रसिद संलग्न गर्नुपर्नेछ । शुल्क बुझाउने बैंक खाता नं. प्रेम सेवा समाज नविल बैंक खाता नं. २३०१०१७५००५५८
८. फारम प्राप्त गर्न र बुझाउने जानकारीका लागि मात्र सम्पर्क नं. ९८६०६८२०१५
९. उमेरहद : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
१०. सेवा सुविधा : संस्थाको नियमानुसार हुनेछ ।

**छनौट प्रक्रियाः**

क. संक्षिप्त सूची प्रकाशन: २०८० फागुन ३० गते
ख. नियुक्ति, अभिमूखीकरण र कार्य प्रारम्भ: २०८० चैत्र २ र ३ गते
ग. लिखित, मौखिक र प्रयोगात्मक परीक्षा: २०८० चैत्र १ गते
घ. अन्य संघ संस्था वा कार्यालयमा कार्यरत कर्मचारी संक्षिप्त सूचीमा सुचीकृत भएमा छनोट प्रक्रियामा सहभागी हुन No objection letter पेश गर्नुपर्नेछ, अन्यथा छनोट प्रक्रियामा सहभागी गराइने छैन । छनोट हुने कर्मचारीले तत्कालै काम शुरु गर्नुपर्नेछ ।

**नोट**ः कर्मचारी छनोट, उम्मेद्ववारको योग्यता, समुदायमा काम गर्ने र सामाजिक रुपान्तरका लागि समर्पित भावना र अनुभवका आधारमा हुने हुनाले यस प्रक्रियामा कसैबाट फोन, भनसुनका लागि कोशिस नगर्नुहोला ।

**मिरा स्याङतान**
**अध्यक्ष**

# महिला मजदुरलाई खाद्यान्न सहयोग



*महिला श्रमिकलाई खाध्यान्न वितरण गरिदैं ।*

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल महिला संघ (अनेमसंघ) जिल्ला कमिटी मकवानपुरले खाद्यान्न सहयोग गरेको छ । बुधबार हेटौंडा-१३, कुखरेनी बगरमा बालुवा चालेर जीविकोपार्जन गर्ने महिलाहरुलाई खाद्यान्न वितरण गरेको हो ।

संघले चामल, दाल, तेल, मस्यौरालगायत खाद्यान्न सहयोग गरेको छ । संघले १५ घरपरिवारका महिलालाई खाद्यान्न वितरण गरेको हो ।

११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अनेमसंघले सप्ताहव्यापी कार्यक्रमको आयोजना गरेको छ। उक्त कार्यक्रमअन्तर्गत् बुधबार खाद्यान्न वितरण गरेको हो । खाद्यान्न वितरण कार्याक्रममा अनेमसंघ जिल्ला कमिटी अध्यक्ष सुमित्रा काफ्लेको सभाध्यक्षता तथा अनेमसंघ केन्द्रीय सदस्य पद्मा पौडेलको प्रमुख आतिथ्य रहेको थियो । अनेमसंघ केन्द्रीय सदस्य पार्वती राना, प्रदेश सचिवालय सदस्य सीता विष्टलगायत संघका पदाधिकारीहरुको आतिथ्य रहेको थियो ।

**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिको कार्यालय**
**झुरझुरे, मकवानपुर**
**बागमती प्रदेश**

**Backhoe Loader खरिद सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/२४ गते*

यस गाउँपालिकाको देहाय बमोजिम Backhoe Loader खरिद गर्नु पर्ने भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको Backhoe Loader बिक्री गर्न चाहने खरिद सम्बन्धि कार्य गर्न योग्य उत्पादक वा अधिकारिक बिक्रेताहरुले स्पेसिफिकेसन, गुणस्तर, मुल्य र सुबिधा सहितको विवरण (क्याटलोग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादन कम्पनि वा सो को अधिकारिक बिक्रेताहरुको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| Contract No. | Type of vehicle | Quantity | Requirement (General Specification) |
|---|---|---|---|
| BRM/NCB/GOODS/04/2080/081 | Backhoe Loader | 1 | As Mentioned in Technical specification |

**प्रमुख प्रसाशकीय अधिकृत**

**मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी**

**हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना**

निवेदकः सुर्य बहादुर वलामीसमेत दुई जना
जग्गाधनीः विर बहादुर वलामी भन्ने गुरुन्चा बलामी

जिल्ला मकवानपुर साविक बज्रवाराही गा.वि.स. वडा नं. २ हालः थाहा न.पा. ६ बस्ने विर बहादुर वलामी भन्ने गुरुन्चा बलामीको छोराहरु सुर्य बहादुर वलामी र श्याम बहादुर वलामीसमेत दुई जनाको माग निवेदन फिल्डबुक जग्गावालाको नामथर वतन र वावुको नाम व्यहोरा बमोजिम विर बहादुर वलामी पं. टिस्टुङ थहचोक वडा नं. १ वावु कृष्ण वाजे दानवीर उल्लेख भएको विर बहादुर बलामी भन्ने गरुन्चा बलामीको मिति २०७५।०५।०२ मा मृत्यु भएको र निजको एकमात्र श्रीमती सुनमाया वलामीको मिति २०५९।०५।२९ मा मृत्यु भएको निजहरुको हकदार दुइ छोराहरु सुर्य वहादुर वलामी र श्याम बहादुर वलामी भएकाले हाम्रो बाबुको नाममा कायम रहेको फिल्डवुक अनुसार टिस्टुङ गा.वि.स वडा नं१को कि.नं. ५९९, ६०७, ६१२, ६२१ र ६३५ ज.रो ०-७-३-१, ०-४-२-३ ०-४-२-२, १-७-०-३, ३-२-३-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदारहरु सुर्य बहादुर वलामी र श्याम बहादुर वलामीको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## हेटौंडा भेट्रान्स कप फुटबल प्रतियोगिता

# आयोजकसहित पाँच टिम विजयी




समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी हेटौंडा भेट्रान्स कप ८ ए साइड फुटबल प्रतियोगिताअन्तर्गत् बुधबार पाँच खेल सम्पन्न भएको छ । हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा आयोजक हेटौंडा भेट्रान्स 'ए'सहित पाँच टिम विजयी भएको छ ।

बुधबारको पहिलो हेलमा हेटौंडाको नागस्वती भेट्रान्सलाई टाइब्रेकरमा ३-१ गोलले पराजित गर्दै पोखराको एबीसी भेट्रान्स विजयी भएको छ । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ द म्याच एबीसीका गोलरक्षक सूर्य शर्मा तिमल्सिना घोषित भए । उनले टाइब्रेकरमा एक प्रहार सेभ गरेका थिए ।

बुधबार भएको दोस्रो खेलमा काठमाडौंको किङ कम भेट्रान्स विजयी भएको छ । वीरगञ्ज युथ भेट्रान्सलाई ५-० गोलअन्तरले पराजित गर्दै किङ विजयी भएको हो । किङको जीतमा जगत लामाले ह्याट्रिक गरे । खेलको म्यान अफ द म्याच लामा नै घोषित भए ।

यस्तै, बुधबारको तेस्रो खेलमा काठमाडौं क्रिकर्सले वीरगञ्ज सिटीलाई २-१ गोलले पराजित गरेको छ । खेलको म्यान अफ द म्याच काठमाडौंका नवीन पाण्डे घोषित भए । चौथो खेलमा आयोजक हेटौंडा भेट्रान्स 'ए'ले सर्लाहीको हरिवन भेट्रान्सलाई ६-१ को फराकिलो गोलअन्तरले पराजित गरेको छ । खेलको म्यान अ म्याच हेटौंडाका राकेश श्रेष्ठ घोषित भए । श्रेष्ठ पूर्व राष्ट्रिय खेलाडी पनि हुन् ।

पाँचौं खेलमा बानेश्वर भेट्रान्सले चितवन भेट्रान्सलाई टाइब्रेकरमा ३-१ गोलले हराएको छ । निर्धारित खेल समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ म्याच बानेश्वरका प्रदीप तण्डुकार घोषित भए ।

विजयी बानेश्वर सेमिफाइनलमा प्रवेश गरको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको विजेता टिमले १ लाख ११ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् ।

# ७ महिनामा एक हजारभन्दा बढि शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा ७ महिनामा एक हजारभन्दा बढि शल्यक्रिया भएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को साउनदेखि माघ महिनासम्मको अवधिमा अस्पतालले एक हजार एक सय ६० जनाको शल्यक्रिया गरेको हो ।

अस्पतालले माघ महिनामा २ सय १७ जनाको शल्यक्रिया गरेको छ । अस्पतालको शल्यक्रिया विभागका अनुसार हाडजोर्नीको ३७ वटा, सर्जरीको ९२ वटा, स्त्री तथा प्रसुतिको ७९ वटा र नाक, कान, घाँटीको ९ वटा शल्यक्रिया गरिएको हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो । शल्यक्रिया गर्नेमा हाडजोर्नीतर्फ १३ जना महिला र २४ जना पुरुष रहेका छन् । यस्तै, सर्जरीतर्फ ४३ जना महिला र ४९ जना पुरुषले शल्यक्रिया गरेका छन् । यस्तै, नाक, कान, घाँटीतर्फ शल्यक्रिया गर्ने ६ जना महिला र ३ जना पुरुष रहेका छन् ।

हेटौंडा अस्पतालको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा २ सय ४३ जनाको शल्यक्रिया गरिएको थियो । यस्तै, भदौ महिनामा एक सय ७१ जना, असोज महिनामा एक सय ६५ जना र कार्तिक महिनामा एक सय २६ जनाको शल्यक्रिया गरिएको छ । यस्तै, मंसिर महिनामा एक सय ४६ जना र पुस महिनामा एक सय ६३ जनाको शल्यक्रिया भएको हो ।

हेटौंडा अस्पतालले आइतबार र बुधबार हाडजोर्नीको शल्यक्रिया गर्ने गरेको छ । सोमबार र बिहीबार सर्जरी तथा नाक, कान, घाँटीको शल्यक्रिया गरिरहेको छ भने मंगलबार र शुक्रबार स्त्री तथा प्रसुतिको शल्यक्रिया गरिरहेको छ ।

हेटौंडा अस्पतालमा न्युरोसम्बन्धी ओपीडी सेवामात्र छ । ओपीडीमा डाक्टर विक्रमादित्यप्रसाद साहले सेवाग्राहीलाई जाँच गरिरहनु भएको छ । डा. साहका अनुसार अस्पतालमा न्युरोको शल्यक्रिया गर्ने उपकरण नभएका कारण शल्यक्रियाको व्यवस्था मिलाइएको छैन । न्युरो विभागमा इमर्जेन्सी, पुनः जाँच तथा विभिन्न विभागबाट रिफर भई दैनिक औसतमा २०-२५ जना बिरामी जाँच गर्न आउँछन् । जाँच गर्न आएका केहीको शल्यक्रियासमेत गर्नुपर्ने हुँदा बिरामीलाई रिफर गर्ने गरेको साहले जानकारी दिनुभयो । उहाँका अनुसार रिफर गर्नुपर्ने बिमाका बिरामीलाई बिमा सुविधा भएको अस्पताल र बिमा नभएको बिरामीलाई इच्छाअनुसार रिफर गरिन्छ । अस्पतालमा डा. साहका साथमा एक सहयोगीसमेत हुनुहुन्छ ।

# बस दुर्घटनामा सात जनाको मृत्यु

काठमाडौंः त्रिशूली नदीमा बुधबार बिहान यात्रुवाहक बस खस्दा सात जनाको मृत्यु भएको छ । रूपन्देहीबाट काठमाडौं आउँदै गरेको सिद्धार्थ यातायातको लु २ ख २१२१ नम्बरको बस बिहान ४:४० बजे धादिङको गजुरी गाउँपालिका-५, घाटबेशीस्थित सडकबाट सय मिटर तल त्रिशूली नदीमा खसेको थियो ।

दुर्घटनामा सात जनाको घटनास्थलमै मृत्यु भएको हो भने ३८ जनाको उद्धार गरिएको छ । जिल्ला प्रहरी कार्यालय धादिङका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) सन्तु जैसवारका अनुसार मृत्यु हुनेमा १ जना महिला र ६ जना पुरूष छन् ।

मृत्यु हुनेमा रूपन्देहीको बुटवल उपमहानगरपालिका-२ का रूवी श्रेष्ठ, काठमाडौंको चन्द्रागिरि नगरपालिका-१० का ५५ वर्षीय बेखा पुटुवर, कपिलवस्तुका महेन्द्र चौधरी, रूपन्देहीका जोगिन्दर यादव, रामकिशोर जैसवाल, नासिर अली र सराजुद्दीन मुसलमान छन् । आफन्त र परिवारसँग सम्पर्क गरी मृतकको यकिन गरिएको प्रहरी नायब उपरीक्षक जैसवारले बताए । प्रहरीका अनुसार सो बसमा रहेका नर्मदा सुवेदी, विराज गैरे र प्रकाश पाठक हराइरहेका छन् । उनीहरूको खोजी जारी छ । घाइतेमध्ये केहीलाई काठमाडौं र चितवन पठाइएको छ । केही घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । बस चालक रूपन्देही लुम्बिनी संस्कृति नगरपालिका -९ का ३८ वर्षीय हरिराम हरिजनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । *(स्रोतः सेतोपाटी)*

डिभिजन वन कार्यालय,
मकवानपुरको अनुरोध ।

डढेंलोबाट वन जोगाऔं–अमूल्य
वन सम्पदाको संरक्षण गरौं ।

डिभिजन वन कार्यालय, मकवानपुर




# कैलाशमा अध्यक्ष कप फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा दोस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिता हुने भएको छ । आगामी चैत ७ गतेबाट प्रतियोगिता हुने पालिकाका खेलकुद विकास समितिका सदस्य रवीन्द्र थिङले बताउनुभयो ।

कैलाश-९ स्थित नामटारमा हुने प्रतियोगिता ९ ए साइडमा खेलाइने सदस्य थिङले बताउनुभयो । प्रतियोगिता नकआउट चरणमा सञ्चालन हुनेछ । प्रतियोगितामा सहभागी हुन वडाको सिफारिससहित चैत २ गतेभित्र टिम दर्ता गर्न भनिएको उहाँले बताउनुभयो ।

पालिकाभर १० वटा वडा रहेको छ । प्रतियोगिताको खेल तालिका चैत ५ गते सार्वजनिक गरिनेछ । चैत १० गते समापन हुने प्रतियोगिताको विजेता टिमले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# अनलाइनमार्फत् ठगी गर्ने २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनलाइनमार्फत् ठगी गर्ने २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहट मोलापुर नगरपालिका-२, मर्यादपुर घर भई हाल वीरगञ्ज महानगर पालिका-१५, भिस्वा बसपार्क बस्ने २१ वर्षीय रोहित भन्ने मनिषकुमार जैसवाल र वीरगञ्ज महानगरपालिका-१४ बस्ने २० वर्षीय गौतम खत्री रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुले जनाएको छ ।

सोमबार जिल्ला प्रहरी कार्यालय पर्साको समन्वयमा उनीहरुलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिइको छ । उनीहरुले विभिन्न समयमा भिन्नभिन्न मोबाइल नम्बरहरुबाट ह्वाट्सएपमार्फत् सस्तोमा आइफोन तथा इलेक्ट्रोनिक सामानहरु बिक्री गर्ने भनि विभिन्न व्यक्तिहरुलाई ठगी गरेको आरोप छ ।

अनलाइन माध्ययमबाट च्याटमा कुराकानी गरी किस्तामा वा होम डेलीभरीको लागि नागरिकता प्रमाणपत्रको फोटोकपी र हालसालै खिचेको पासपोर्ट साइजको २ वटा फोटो पठाउन लगाउने र सोही नागरिकता र फोटोको प्रयोग गरी ईसेवा आईडी बनाई उक्त आईडीमा रकम पठाउन लगाई ठगी गर्ने गरेको पाइएको प्रहरीको भनाइ छ ।

## झापा गोल्डकप फुटबल प्रतियोगिता

# झापासँग भिड्दै एन्फा मकवानपुर

समाज संवाददाता

हेटौंडाः झापामा जारी छैठौं संस्करणको झापा गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत् बिहीबार एक खेल हुँदैछ । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा दिउँसो २ बजे हुने क्वाटर फाइनल खेलमा एन्फा मकवानपुर र झापा-११ बीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा पहिलो पटक सहभागिता जनाएको एन्फा मकवानपुरले बिहीबार पहिलो खेल खेल्न लागेको हो । यो संस्करणको प्रतियोगितामा झापाले पनि पहिलो खेल खेल्न लागेको हो । दुई टिमबीचको विजेताले सेमिफाइनलमा स्थान बनाउनेछ ।

सेमिफाइनल प्रवेश गर्ने टिमले फाइनल प्रवेशका लागि शनिबार चर्च ब्वाइजसँग प्रतिस्पर्धा गर्नेछ । यसअघि मंगलबार भएको क्वाटरफाइनल खेलमा न्युरोड टिम (एनआरटी) लाई हराउँदै चर्च ब्वाइज सेमिफाइनल प्रवेश गरिसकेको छ ।

प्रतियोगिताको फाइनल खेल आगामी सोमबार हुनेछ । प्रतियोगिताको विजेता टिमले १३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ७ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

## शहीद हेमानारायण गोल्डकप

# भारतीय क्लबसँग भिड्दै हेटौंडा फुटबल एकेडेमी

समाज संवाददाता

हेटौंडाः सिराहामा जारी शहीद हेमानारायण गोल्डकप फुटबल प्रतियोगितामा बिहीबार मकवानपुरको हेटौंडा फुटबल एकेडेमी खेल्दैछ । सिराहा-७ स्थित खेलमैदानमा दिउँसो हुने खेलमा क्वाटर फाइनल प्रवेशका लागि हेटौंडा फुटबल एकेडेमीले भारतीय क्लब माँ कामाख्या स्पोर्टस्सँग प्रतिस्पर्धा गर्न लागेको हो ।

हेटौंडा फुटबल एकेडेमीका अध्यक्ष भीम लामाले भारतको बनारसको क्लब माँ कामाख्या स्पोर्टस्सँग प्रतिस्पर्धा हुने बताउनुभयो । दुई टिमबीचको विजेताले क्वाटरफाइनलमा शनिबार आयोजक सलहेश युवा क्लब (रातो) सँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताअन्तर्गत् बिहीबारको अर्को खेलमा आयोजक सलहेश (निलो) र सिन्धुलीको दुधौली स्पोर्टस्बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल फागुन ३० गते हुनेछ । प्रतियोगिताको विजेता टिमले २ लाख ७१ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख ३५ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# ३२ जनाले गरे रक्तदान




*मेचि-महाकाली साइकलयात्रीलाई सम्मानपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ स्थित शिखर पानीमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् ।

बुधबार चुरेशिखर कृषि सहकारी संस्था लिमिटेडको आयोजनामा भएको कार्यक्रममा ८ जना महिला र २४ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

संस्थाको १५ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना भएको हो । कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । हेटौंडा उपमहानगरपालिका-१५ का वडा अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्य र चुरेशिखर कृषि सहकारी संस्थाका अध्यक्ष गीताप्रसाद दुलालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ